# स्थानीय राजपत्र

## त्रिपुरासुन्दरी गाउँपालिका द्धारा प्रकाशित

खण्डः ७, संख्याः १ , असार १० गते , २०८२

### भाग-१

### त्रिपुरासुन्दरी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय पिस्कर, सिन्धुपाल्चोक

### बागमती प्रदेश, नेपाल

**नेपालको संविधानको धारा, २२१ को उपधारा (१) बमोजिमको त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक ऐन २०८२/०८३

**सभाबाट स्वीकृत मिति :२०८२/०३/१०**
**प्रमाणिकरण मितिः २०८२/०३/३१**
**स्थानिय राजपत्रमा प्रकाशित मितिः २०८२/०३/३१**

### २०८२ सालको ऐन नं. ००१

**प्रस्तावना:**त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष **२०८२/०८३** को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रिपुरासुन्दरीगाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम “आर्थिक ऐन, २०८२ ” रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि त्रिपुरासुन्दरी गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

**२. सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कररघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर:**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३)बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:**गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:**गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.ढुङ्गा,गिटी बालुवा शुल्क :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्खनन भएका .ढुङ्गा,गिटी बालुवामा रोयल्टी लगाउन सक्नेछ ।**

**१६.** <u>**कर छुटः**</u> यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१७.** <u>**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**</u> यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## वार्षिक सम्पत्ति करका दरहरू

सम्पत्ति कर प्रयोजन र रजिस्ट्रेशन पारित प्रयोजनको लागि सम्पत्ति मूल्याङ्कन गर्दा जग्गाको हकमा मालपोत कार्यालयबाट रजिस्ट्रेशन पारित प्रयोजनको लागि कायम गरेको न्यूनत्तम मुल्य र भौतिक संरचनाको हकमा निम्न बमोजिम मुल्यांकन कायम गरी हुन आउने कुल मुल्यमा सम्पत्ति कर लिइनेछ ।

**क) भौतिक संरचनाको मुल्यांकन देहाय बमोजिम हुनेछ ।**

| सि.नं. | भवन बनौटको प्रकृति | आर्थिक वर्ष २०८०/८१ | ह्रासकट्टी दर (प्रतिवर्ष प्रतिशतमा) | ह्रासकट्टी गरिने वर्ष |
|---|---|---|---|---|
| १ | ढुङ्गा/ईटाको गारोमा माटोको जोडाई भएको वा काठै काठले बनेको र जस्ता, झिगटी वा टायलको छाना भएको घर | रू. ३००/- | ३ प्रतिशत प्रतिवर्ष | २५ वर्ष |
| २ | ढुङ्गा/ईटाको गारोमा सिमेन्ट प्लाष्टर भएको र जस्ता, झिगटी वा टायलको छाना भएको घर | रू. ३५०/- | २ प्रतिशत प्रतिवर्ष | ३० वर्ष |
| ३ | ढुङ्गा/ईटाको गारोमा सिमेन्ट प्लाष्टर भएको र RCC वा RBC छाना भएको घर | रू. ४००/- | १.५ प्रतिशत प्रतिवर्ष | ४० वर्ष |
| ४ | RCC फ्रेम स्टक्चर भएको घर | रू. ५००/- | १ प्रतिशत प्रतिवर्ष | ८० वर्ष |

**ख) सम्पत्ति करको दररेट निम्न बमोजिम कायम गरिएको छ ।**

| सि.नं. | करयोग्यसम्पत्तिको मूल्य | सीमा | | आर्थिक वर्ष २०८१।०८२ |
|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | |
| १ | रु. ५ लाखसम्म | २५ | २०० | रू. ५०/- |
| २ | रु. ५ लाख १ देखि १० लाखसम्म | | | रू. १००/- |
| ३ | रु. १० लाख १ देखि २० लाखसम्म | २५० | ४०० | रू. ३००/- |
| ४ | रु. २० लाख १ देखि ३० लाखसम्म | ५०० | १००० | रू. ६००/- |
| ५ | रु. ३० लाख १ देखि ४० लाखसम्म | १२०० | ३००० | रू. १५००/- |
| ६ | रु. ४० लाख १ देखि ५० लाखसम्म | | | रू. २०००/- |
| ७ | रु. ५० लाख १ देखि ६५ लाखसम्म | ३५०० | १०००० | रू. ४०००/- |
| ८ | रु.६५ लाख १ देखि ८० लाखसम्म | | | रू. ५०००/- |
| ९ | रु.८० लाख १ देखि १ करोडसम्म | | | रू. ७०००/- |
| १० | रु. १ करोड १ देखि १.५ करोडसम्म | १२००० | २०००० | रू. १३०००/- |
| ११ | रु. १.५ करोड १ देखि २ करोडसम्म | | | रू. १५०००/- |
| १२ | रु.२ करोड १ देखि ३ करोडसम्म | २५००० | ६०००० | रू. २५०००/- |
| १३ | रु. ३ करोड १ देखि ४ करोडसम्म | | | रू. ३५०००/- |
| १४ | रु. ४ करोड १ देखि ५ करोडसम्म | | | रू. ४५०००/- |
| १५ | रु. ५ करोड देखि माथी | प्रतिहजार रु. २/- | | प्रतिहजार रु. २/- |

अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**<u>वार्षिक भूमिकर तथा मालपोतका दरहरू</u>**

| सि. नं. | भूमिकररमालपोतको विवरण | वार्षिक करको दर |
|---|---|---|
| **१** | **मालपोत** | |
| क | **पक्की सडकले छोएको जग्गाको खेत/ बारी (प्रतिरोपनी )**<br>**अब्बल**<br>०-५ रोपनी सम्म रु. ५०/-<br>५-२० रोपनी सम्म रु. १००/-<br>२०-५० रोपनी सम्म रु. १५०/-<br>५० रोपनी माथि रु. २००/-<br>**दोयम**<br>०-५ रोपनी सम्म रु. ४०/-<br>५-२० रोपनी सम्म रु. ४०/-<br>२०-५० रोपनी सम्म रु. ११०/-<br>५० रोपनी माथि रु. १६०/-<br>**सिम**<br>०-५ रोपनी सम्म रु. ३०/-<br>५-२० रोपनी सम्म रु. ५०/-<br>२०-५० रोपनी सम्म रु. ८०/-<br>५० रोपनी माथि रु. १२०/-<br>**चाहार**<br>०-५ रोपनी सम्म रु. २०/-<br>५-२० रोपनी सम्म रु. ३०/-<br>२०-५० रोपनी सम्म रु.५०/-<br>५० रोपनी माथि रु. ८०/- | |
| ख | **कच्ची सडकले छोएको खेत/ बारी (प्रतिरोपनी)**<br>**अब्बल**<br>०-५ रोपनी सम्म रु. २०/-<br>५-२० रोपनी सम्म रु. ३०/-<br>२०-५० रोपनी सम्म रु. ४०/-<br>५० रोपनी माथि रु. ५०/- | |

| | | |
|---|---|---|
| | <u>दोयम</u><br>०-५ रोपनी सम्म रु. १८/-<br>५-२० रोपनी सम्म रु. २२/-<br>२०-५० रोपनी सम्म रु. २६/-<br>५० रोपनी माथि  रु. ३०/-<br><u>सिम</u><br>०-५ रोपनी सम्म रु. १६/-<br>५-२० रोपनी सम्म रु. २०/-<br>२०-५० रोपनी सम्म रु. २४/-<br>५० रोपनी माथि  रु. २८/-<br><u>चाहार</u><br>०-५ रोपनी सम्म रु. १०/-<br>५-२० रोपनी सम्म रु. १२/-<br>२०-५० रोपनी सम्म रु. १५/-<br>५० रोपनी माथि  रु. २०/- | |
| ग | **गोरेटो बाटोले छोएको (प्रतिरोपनी )**<br><u>अब्बल</u><br>०-५ रोपनी सम्म रु. ११/-<br>५-२० रोपनी सम्म रु. १३/-<br>२०-५० रोपनी सम्म रु. १५/-<br>५० रोपनी माथि  रु. १७/-<br><u>दोयम</u><br>०-५ रोपनी सम्म रु. १०/-<br>५-२० रोपनी सम्म रु. १२/-<br>२०-५० रोपनी सम्म रु. १४/-<br>५० रोपनी माथि  रु. १६/-<br><u>सिम</u><br>०-५ रोपनी सम्म रु. ९/-<br>५-२० रोपनी सम्म रु. ११/-<br>२०-५० रोपनी सम्म रु. १३/-<br>५० रोपनी माथि  रु. १५/-<br><u>चाहार</u><br>०-५ रोपनी सम्म रु. ८/-<br>५-२० रोपनी सम्म रु. १०/-<br>२०-५० रोपनी सम्म रु. १२/-<br>५० रोपनी माथि  रु. १४/- | |
| घ | **कुनै सडकले नछोएको खेत/बारी (प्रतिरोपनी )** | |

| | | |
|---|---|---|
| | **अब्बल**<br>०-५ रोपनी सम्म रु. १०/-<br>५-२० रोपनी सम्म रु. १२/-<br>२०-५० रोपनी सम्म रु. १४/-<br>५० रोपनी माथि रु. १६/-<br>**दोयम**<br>०-५ रोपनी सम्म रु. ९/-<br>५-२० रोपनी सम्म रु. ११/-<br>२०-५० रोपनी सम्म रु. १३/-<br>५० रोपनी माथि रु. १५/-<br>**सिम**<br>०-५ रोपनी सम्म रु. ८/-<br>५-२० रोपनी सम्म रु. १०/-<br>२०-५० रोपनी सम्म रु. १२/-<br>५० रोपनी माथि रु. १४/-<br>**चाहार**<br>०-५ रोपनी सम्म रु. ७/-<br>५-२० रोपनी सम्म रु. ९/-<br>२०-५० रोपनी सम्म रु. ११/-<br>५० रोपनी माथि रु. १३/- | |
| | **धुरी कर** | |
| | RCC/RBC **ढलान घरको पहिलो तल्लां**<br>**पहिलो तल्ला भन्दा माथि प्रति तल्ला थप**<br>- RRC/RBC **ढलान घरमा जस्ता छाना राखिएको ढलान सरह मानिनेछ ।** | रु.५००/–<br>रु.१००/– |
| | RCC/RBC **विनाको जस्ताको छाना भएको पक्की घर** | रु.३००/– |
| | **ढुंगा माटोले बनेको जस्ता/ढुंगाको छाना भएको पक्की घर** | करमुक्त |
| | **ढुंगा माटोले बनेको खरको छाना भएको पक्की घर** | करमुक्त |
| | पसल गोदाम ,ग्यारेज आदि प्रयोजनमा प्रयोग भयको छ भने | बार्षिक रु.३०० |
| | बैंकिङ्ग वा अन्य ब्यबसाय प्रयोजनका लागि सिफारिस गर्नु पर्दा घर धुरी कर अनिबार्य रुपमा बुझाउनु पर्नेछ | |
| २ | मालपोत र धुरी कर प्रत्येक आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ । अन्यथा विलम्ब शुल्क १ वर्षपछि १५%, ३ वर्षपछि २५% र ४ वर्ष वा सो भन्दा माथि ३५% लाग्नेछ । | |

अनुसूचि-३

(दफा ४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

घरजग्गा वहाल करका दरहरू

| सि. नं. | गाउँ क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | करको दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्रको घर, फ्ल्याट, कोठा, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, तथा पोखरी पूरै वा आंशिक रुपमा भाडा तथा लिजमा लगाएको मा बहाल रकम | १०प्रतिशत |
| २. | जग्गा वहाल कर | २ प्रतिशत |

अनुसूचि-४

(दफा ५ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## व्यवसाय करका दरहरू

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने व्यवसाय करको विवरण | करको दर | |
|---|---|---|---|
| १ | व्यापारिक वस्तु | **दर्ता** | **नविकरण** |
| **१.१** | **चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा** | | |
| | थोक तथा खुद्रा चुरोट पसल (डिलर) समेत | वार्षिक रू. २५००/- | १५००/- |
| | मदिरा पसल थोक (डिलर समेत) | वार्षिक रू. २५००/- | १५००/ |
| | मदिरा पसल खुद्रा | वार्षिक रू. २०००/- | १०००/- |
| | सुनचांदी/ज्वेलरी पसल (निर्माण, मर्मत र खरिद बिक्री समेत) | वार्षिक रू. २०००/- | १०००/- |
| | सुनचांदी/ज्वेलरी पसल (निर्माण र बिक्री मात्र) | वार्षिक रू. १५००/- | १०००/- |
| | भिडियो सीडी, क्यासेट/अडियो सीडी, क्यासेट बिक्री पसल | वार्षिक रू. १०००/- | ५००/- |
| | डिपार्टमेन्टल स्टोर | वार्षिक रू. ४०००/- | ३०००/- |
| **१.२** | **निर्माण सामाग्री, कम्प्युटर, बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा ब्यापारमा** | | |
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको बिक्रेता (डिलर समेत) | वार्षिक रू.५०००/- | ३०००/- |
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको खुद्रा बिक्रेता | वार्षिक रू. २५००/- | १५००/- |
| | कम्प्युटर बिक्रेता | वार्षिक रू. २०००/- | १०००/- |
| | बिद्युत सामाग्री बिक्रेता | वार्षिक रू. २०००/- | १०००/- |
| | टि.भी., डेक, रेडियो, क्यासेट प्लेयर तथा क्यामेरा पसल (डिलर समेत) | वार्षिक रू. २०००/- | १०००/- |
| | टि.भी., डेक, रेडियो, घडी, क्यासेट प्लेयर तथा क्यामेरा (खुद्रा बिक्री तथा मर्मत) पसल | वार्षिक रू. २०००/- | १०००/- |
| | कार्पेट तथा फर्निसिङ्गका सामाग्री बिक्रेता | वार्षिक रू. २०००/- | १०००/- |
| **१.३** | **दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा ब्यापारमा** | | |
| | खाद्यान्न तथा किराना थोक पसल क (१० लाख भन्दा माथि) | वार्षिक रू. २०००/- | १०००/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल ख (५-१० लाख सम्म) | वार्षिक रू. १५००/- | ७५०/- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल ग (५ लाख सम्म) | वार्षिक रू. १०००/- | ५००/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (क श्रेणी थोक) | वार्षिक रू. २०००/- | १०००/- |
| | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया तयारी र बिक्री पसल | वार्षिक रू. २०००/- | १०००/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (क श्रेणी खुद्रा) | वार्षिक रू. १५००/- | ७५०/- |
| | कपडा पसल/रेडिमेड स्टोर्स (ख श्रेणी खुद्रा) | वार्षिक रू. १०००/- | ५००/- |

| | | | |
|---|---|---|---|
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल (क श्रेणी) | वार्षिक रू. २०००/- | १०००/- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल | वार्षिक रू. १०००/- | १०००/- |
| | छाला जुत्ता चप्पल (स्थानीय स्तरमा निर्माण गरी) बिक्री तथा मर्मत पसल | वार्षिक रू. २०००/- | १०००/- |
| | होजियारी ऊनी धागो पसल | वार्षिक रू. १०००/- | ५००/- |
| | पान पसल | वार्षिक रू. ८००/- | ५००/- |
| | फलफूल पसल | वार्षिक रू. १०००/- | ५००/- |
| | फलफूल तथा सब्जी पसल | वार्षिक रू. १०००/- | ५००/- |
| | **व्यवसाय खारेजी दस्तुर** | वार्षिक रू. ५००/- | |
| | कोल्ड स्टोर पसल | वार्षिक रू. २०००/- | १०००/- |
| १.४ | **सवारी साधन बिक्रेता** | | |
| | मोटर साईकल, टेम्पो तथा साईकल बिक्रेता | वार्षिक रू. ३०००/- | १५००/- |
| | हेभी इक्विपमेन्ट, बस, ट्रक, ट्रयाक्टर तथा कार बिक्रेता | वार्षिक रू. ६०००/- | ४०००/- |
| २ | **बिशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा** | | |
| | चिकित्सक | वार्षिक रू. १०००/- | |
| | कविराज | वार्षिक रू. १०००/- | |
| | इन्जिनियर | वार्षिक रू. १०००/- | |
| | कानून व्यवसायी/कानूनी सेवा/ल फर्म | वार्षिक रू. १०००/- | |
| | लेखा परिक्षक | वार्षिक रू. १०००/- | |
| | दन्त चिकित्सक | वार्षिक रू. १०००/- | |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | वार्षिक रू. १०००/- | |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | वार्षिक रू. १०००/- | |
| | बीमा एजेन्ट | वार्षिक रू. १०००/- | |
| | सर्भेयर | वार्षिक रू. १०००/- | |
| | अनुवादक | वार्षिक रू. १०००/- | |
| | पशु चिकित्सक | वार्षिक रू. १०००/- | |
| | शेयर दलाल | वार्षिक रू. ३०००/- | |
| | सामान ढुवानीकर्ता तथा कम्पनी/सप्लायर्स | वार्षिक रू. २०००/- | |
| | संस्थागत पेन्टर | वार्षिक रू. ४०००/- | |
| ३ | **निर्माण व्यवसाय** | | |
| | घ श्रेणी | वार्षिक रू. ७०००/- | ५०००/- |
| ४ | **उत्पादनमूलक उद्योग** | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | वार्षिक रू. ४०००/- | ३०००/- |
| ५ | **उर्जामूलक उद्योग** | | |
| | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य | वार्षिक रू. ४०००/- | ३०००/- |

| | | | |
|---|---|---|---|
| | श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | |
| ६ | **कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा)** | | |
| | फर्निचर उद्योग (निर्माण, खरिद तथा बिक्री) | वार्षिक रू. ३०००/- | १५००/- |
| | राइस मिल | वार्षिक रू.२५००/- | १५००/- |
| | चिया प्रशोधन उद्योग | वार्षिक रू. ४०००/- | २०००/- |
| | अदुवा कुचो उद्योग तथा संकलन/खरिद बिक्री केन्द्र | वार्षिक रू. २०००/- | १०००/- |
| | अलैंची संकलन तथा खरिद बिक्री केन्द्र | वार्षिक रू.२०००/- | १०००/- |
| | चिरैतो संकलन तथा खरिद बिक्री केन्द्र | वार्षिक रू. २०००/- | १०००/- |
| | अन्य जडिबुटी संकलन, प्रशोधन तथा खरिद बिक्री केन्द्र | वार्षिक रू.३०००/- | २०००/- |
| | पहाडे कागज उद्योग | वार्षिक रू. २५००/- | १५००/- |
| ७ | **खनीज उद्योग** | | |
| | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | वार्षिक रू. ५०००/- | ४०००/- |
| | खानेपानी प्रशोधन गर्ने उद्योग व्यवसायमा | वार्षिक रू. ४०००/- | ३०००/- |
| ८ | **पर्यटन उद्योग** | | |
| | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टिङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा | | |
| | होटल (चिया,नास्ता तथा मिठाई पसल) | वार्षिक रू. १५००/- | १०००/- |
| | होटल (चिया,नास्ता तथा खाना समेत) | वार्षिक रू. १५००/- | १०००/- |
| | होटल एण्ड लज (चिया,नास्ता तथा खाना समेत) | वार्षिक रू. २५००/- | १५००/- |
| | होटल एण्ड लज (अट्याज्ड कोठा सहित सेमिनार हल उपलब्ध) | वार्षिक रू. ४०००/- | २५००/- |
| | रिसोर्ट | वार्षिक रू. ६०००/- | ४०००/- |
| | ट्रेकिङ तथा ट्राभल एजेन्सी | वार्षिक रू. २५००/- | १५००/- |
| | होटल सम्बन्धी तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | वार्षिक रू. ५०००/- | ३०००/- |
| ९ | **सेवा उद्योग** | | |
| | छापाखाना, परामर्श सेवा, जिनिङ्ग वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिबहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाइ सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | | |
| | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस | वार्षिक रू. ५०००/- | ३०००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा सहितको) | वार्षिक रू. ३०००/- | २०००/- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा मात्र) | वार्षिक रू. २०००/- | १०००/- |
| १० | **निर्माण उद्योग** | | |
| | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | वार्षिक रू.१००००/- | ८०००/- |
| | ग्रील उद्योग | वार्षिक रू. ४०००/- | ३०००/- |
| ११ | **संचार सेवा** | | |

| | | | |
|---|---|---|---|
| | निजी क्षेत्रको हुलाक सेवा | वार्षिक रू. ३०००/- | २०००/- |
| | निजी क्षेत्रका टेलिफोन वा मोबाईल सेवा प्रदायक कम्पनी (शाखा समेत) | वार्षिक रू. ५०००/- | ३०००/- |
| | इमेल, इन्टरनेट सेवा मात्र अथवा टेलिफोन, फ्याक्स र फोटोकपी सेवा मात्र | वार्षिक रू. २५००/- | १५००/- |
| | निजी क्षेत्रको कुरियर सेवाको प्रधान कार्यालय | वार्षिक रू. ४०००/- | ३०००/- |
| | निजी क्षेत्रको कुरियर सेवाको शाखा कार्यालय | वार्षिक रू. २५००/- | १५००/- |
| | छपाई तथा प्रकाशन | वार्षिक रू. ३०००/- | २०००/- |
| | टाईपिङ्ग तथा कम्प्युटर डेक्सटप सेवा | वार्षिक रू. २०००/- | १०००/- |
| **१२** | **बित्तीय सेवा** | | |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैक | वार्षिक रू. ७०००/- | ५०००/- |
| | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने विकास बैक | वार्षिक रू. ६०००/- | ४०००/- |
| | आर्थिक कारोबार समेत गर्ने बित्तीय कम्पनीको मुख्य कार्यालय | वार्षिक रू. ६०००/- | ४०००/- |
| | बित्तीय कम्पनीको शाखा कार्यालय | वार्षिक रू. ५०००/- | ३०००/- |
| | आर्थिक कारोबार गर्ने बित्तीय कम्पनीको शाखा कार्यालय | वार्षिक रू. ४०००/- | २५००/- |
| | मनी ट्रान्सफर सेवा | वार्षिक रू. ३०००/- | २०००/- |
| | बीमा कम्पनीको शाखा कार्यालय | वार्षिक रू. ५०००/- | ३०००/- |
| | बिदेशी मुद्रा सटही | वार्षिक रू. ५०००/- | ३०००/- |
| | धितोपत्र कारोबार | वार्षिक रू. ५०००/- | ४०००/- |
| | सहकारी बैक | वार्षिक रू. ४०००/- | ३०००/- |
| **१३** | **स्वास्थ्य सेवा** | | |
| | गैरसरकारी अस्पताल/सामुदायिक अस्पताल | वार्षिक रू. ६०००/- | ५०००/- |
| | नर्सिङ्ग होम | वार्षिक रू. ७०००/- | ६०००/- |
| | मेडिकल हल/औषधी पसल (डाक्टरको सेवा तथा ल्याव समेत उपलब्ध) | वार्षिक रू. ४०००/- | ३०००/- |
| | मेडिकल हल/औषधी पसल (ल्यावको सेवा उपलब्ध) | वार्षिक रू. ४०००/- | ३०००/- |
| | मेडिकल हल/औषधी पसल मात्र | वार्षिक रू. ४०००/- | ३०००/- |
| **१४** | **शिक्षा सेवा** | | |
| | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्व विद्यालय | वार्षिक रू.४०००/- | ३०००/- |
| | तालिम तथा अनुसन्धान केन्द्र | वार्षिक रू. ४०००/- | ३०००/- |
| | टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | वार्षिक रू. २०००/- | १५००/- |
| | टाईपिङ्ग तथा कम्प्युटर प्रशिक्षण केन्द्र | वार्षिक रू. १५००/- | १०००/- |
| | भाषा प्रशिक्षण संस्था | वार्षिक रू. २०००/- | १०००/- |
| | अन्तराष्ट्रिय गैरसरकारी संस्था | वार्षिक रू. ५०००/- | ४०००/- |
| **१५** | **मर्मत संभार सेवा** | | |
| | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटर साईकल, टेम्पो, साईकल मर्मत केन्द्र | वार्षिक रू. २०००/- | १५००/- |
| | हेभी इक्विपमेन्ट, बस ट्रक तथा ट्रयाक्टर मर्मत केन्द्र | वार्षिक रू. ३०००/- | २०००/- |

| | | | |
|---|---|---|---|
| | कार, मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | वार्षिक रू. २०००/- | १०००/- |
| | मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | वार्षिक रू. १५००/- | १०००/- |
| | रेडियो, टि.भी., घडी मर्मत केन्द्र | वार्षिक रू. २०००/- | १०००/- |
| | प्रेशर कुकर, स्टोभ, हिटर मर्मत केन्द्र | वार्षिक रू. २०००/- | १०००/- |
| | टेलिफोन सेट तथा बिद्युत सामाग्री मर्मत केन्द | वार्षिक रू. २०००/- | १०००/- |
| १६ | **अन्य सेवा** | | |
| | बिज्ञापन सेवा/बिज्ञापन एजेन्सी/कम्पनी | वार्षिक रू. ४०००/- | ३०००/- |
| | बैदेशिक रोजगार सेवा/म्यान पावर कम्पनी (शाखा समेत) | वार्षिक रू. ६०००/- | ५०००/- |
| | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | वार्षिक रू. ५०००/- | ४०००/- |
| | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई आदि | वार्षिक रू. २०००/- | १०००/- |
| | व्युटी पार्लर तथा श्रृंगार पसल | वार्षिक रू. १०००/- | ५००/- |
| | ड्राई क्लिनर्स | वार्षिक रू. १०००/- | ५००/- |
| | फोटो स्टुडियो | वार्षिक रू. १०००/- | १०००/- |
| | शैलुन/हजाम सेवा | वार्षिक रू. १०००/- | १०००/- |
| | सिलाई टेलरिङ्ग सेवा (लेडिज एण्ड जेन्स)/सिलाई प्रशिक्षण केन्द्र समेत | वार्षिक रू. २५०००/- | १५०००/- |
| | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | वार्षिक रू. १५००/- | १०००/- |
| | पशु बधशाला | वार्षिक रू. ४०००/- | ३०००/- |
| | मासु बिक्रेता/फ्रेस हाउस | वार्षिक रू. २०००/- | १०००/- |
| | फूल तथा बिरुवा बिक्रेता | वार्षिक रू. २५००/- | १५००/- |
| | पुल हाउस | वार्षिक रू. ३०००/- | २०००/- |
| | खोटो व्यवसायी | वार्षिक रू. ३०००/- | २०००/- |
| | सिसा, प्लाईउड बिक्रेता | वार्षिक रू. २५००/- | १५००/- |
| | भाँडाकुँडा बिक्रेता | वार्षिक रू. २०००/- | १०००/- |
| | स्टिल, काठ, फर्निचर बिक्रेता | वार्षिक रू. ३०००/- | २०००/- |
| | खेलौना, उपहार (गिफ्ट) बिक्रेता | वार्षिक रू. १५००/- | १०००/- |
| | केबुल नेटवर्किङ्ग (ग्राहक संख्याका आधारमा वार्षिक) | रू. ५०००/- सम्म | ४०००/- |
| १७ | **अन्य व्यवसाय** | | |
| | पार्क, पिकनिक स्पट | वार्षिक रू. १०००/- | |
| | क्यासिनो | वार्षिक रू. ५०,०००/- | ४००००/- |
| | **टोल विकास सस्था दर्ता नविकरण** | रु.१००० | |
| | **सस्था दर्ता शुल्क** | रू.१००० | १०००/- |
| १८ | **अस्थायी हाटबजार वा घुम्ती पसल (अस्थायी हाटबजार वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लिईने छ)** | | |
| | घुम्ती (मोबाइल) पसल, खुन्चा समेतमा | रु.५०० | |
| | चौपाया प्रतिगोटा | निशुल्क | |

| | | | |
|---|---|---|---|
| | हाँस कुखुरा प्रतिगोटा | निशुल्क | |
| | साग सब्जी फलफूल पसल | निशुल्क | |
| | अन्य | निशुल्क | |
| **१९** | **माथिको बर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोबार0 र स्तर हेरी** | | |
| | पाउरोटी उद्योग | वार्षिक रू. २५००/- | २०००/- |
| | कृषि बिउ बिजन भण्डार | वार्षिक रू. १५००/- | १०००/- |
| | पशु औषधी पसल एग्रो भेट | वार्षिक रू. २०००/- | १५००/- |
| | पोल्टी तथा पशु फार्म तथा कृषि | वार्षिक रू २०००/ | १०००/- |
| | हाउस पेन्टिङ्ग | वार्षिक रू. २०००/- | १०००/- |
| | भेन्टिलेसन उद्योग | वार्षिक रू. ३०००/- | २०००/- |
| | चिया प्रसोधन केन्द्र | वार्षिक रू. २५००/-/- | २०००/- |
| | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | वार्षिक रू. ३०००/- | २०००/- |
| | सभाहल सञ्चालन (व्यावसायिक प्रयोजनका लागि) | वार्षिक रू. ६०००/- | ४०००/- |
| **२०** | **कृषि तथा पशुपालनमा लाग्ने कर** | | |
| | **कषि तथा पशुपालन दर्ता** | वार्षिक रू १५०० | १०००/- |
| | **कृषक समुह दर्ता** | रु.१०० | १०० |
| | **कृषि तथा जडिबुटी फर्म** | वार्षिक रू. २०००/- | १०००/- |
| | **सस्था दर्ता/क्लव दर्ता** | वार्षिक रू.१०००/- | १०००/- |
| | **उद्योग दर्ता** | वार्षिक रू. २५००/-/- | २०००/- |
| | **व्यवसाय नविकरण जरिवाना १ वर्षसम्म** | १५ प्रतिशत | |
| | **व्यवसाय नविकरण जरिवाना १ देखी ३ वर्षसम्म** | २५ प्रतिशत | |
| | **व्यवसाय नविकरण जरिवाना ३ देखी ५ वर्षसम्म** | ३५ प्रतिशत | |
| | **व्यवसाय नविकरण जरिवाना ५ वर्षभन्दा माथी** | ५० प्रतिशत | |
| | **व्यवसाय प्रतिलिपि दस्तुर** | रु ५०० | |
| | **व्यवसाय खारेजी दस्तुर** | रु १००० | |
| | **महिला तथा आमा समुह दर्ता** | रु.५०० | रु.५०० |

अनुसूचि-५

(दफा ६ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने जडिबुटी, कवाडी र जीवजन्तु करको विवरण | करको दर |
|---|---|---|
| १ | चुत्रो/दारुहल्दी (प्रति के.जी) | २.०० |
| २ | पदमचाल/अमलवेद ( प्रति के.जी) | १५.०० |
| ३ | पखनवेद/पाषाणवेद ( प्रति के.जी) | १५.०० |
| ४ | बोभ्को ( प्रति के.जी) | १५.०० |
| ५ | सिस्नु ( प्रति के.जी) | २.०० |
| ६ | मजिठो ( प्रति के.जी) | ५.०० |
| ७ | लप्सी ( प्रति के.जी) | ३.०० |
| ८ | चिराइतो ( प्रति के.जी) | १५.०० |
| ९ | मह/भिर मह ( प्रति के.जी) | ३०.०० |
| १० | लोक्ता ( प्रति के.जी) | ५.०० |
| ११ | अर्गेली ( प्रति के.जी) | ३.०० |
| १२ | रुख कटानी शुल्क (प्रति क्यु फिट) | १०.०० |
| १३ | सुनाखरी ( प्रति के.जी) | २०.०० |
| १४ | विग्माको जरा ( प्रति के.जी) | २०.०० |
| १५ | थुन्चे (प्रतिगोटा) | ३.०० |
| १६ | सतुवा ( प्रति के.जी) | १०.०० |
| १७ | लौठ सल्ला (प्रतिगोटा) | १०.०० |
| १८ | अलैची ( प्रति के.जी) | १०.०० |
| १९ | अम्रिसो ( के.जी ) | २.०० |
| २० | बासँ, निगालो ( प्रतिगोटा) | ५.०० |
| २१. | धसिङ्गारे | २.०० |

अनुसूचि-६

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**<u>सवारी साधन करका दरहरू</u>**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने सवारी साधनकरको विवरण | करको दर |
|---|---|---|
| **१** | **सवारी दर्ता तथा बार्षिक सवारी कर** | |
| १.१ | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | रू.२०००/- |
| २.२ | भाडाका कार जीपमा | रू.१०००/- |
| २.३ | भाडाको टेम्पोमा | रू.५००/- |
| २.४ | भाडाको मिनिबसमा | रू.१०००/- |
| २.५ | निजी कार, टेम्पो, मिनिबसमा | रू.१०००/- |
| २.६ | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा | रू.५००/- |
| २.७ | ठेला तथा रिक्सामा | रू.२००/- |
| २ | **पटके सवारीकर(गाउँपालिकाले**आफैलेबनाएकोवाआफुलाईहस्तान्तरणभईआएकोसडकमादेहायबमोजिमपटकेसवारीकरलगाउनेछ**)** | |
| २.१ | निजी तथा भाडाका बस, ट्रक, र ट्रैक्टरमा | रू.५०/- |
| २.२ | मिनिबसमा | रू.४०/- |
| २.३ | निजी तथा भाडाका कार, टेम्पोमा | रू.४०/- |
| २.४ | अन्य सवारी साधनमा | रू.२०/- |

अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**विज्ञापन करका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने विज्ञापनकरको विवरण | करको दर |
|---|---|---|
| १ | कपडाको व्यानर वनाई बिज्ञापन गरे वापत प्रतिवर्ग मिटर | रू.२०/- |
| २ | पसलमा राखिएको स्थायी होडिङ बोर्ड/साईनबोर्डमा बार्षिक प्रतिवर्ग फिट | रू.२५/- |
| ३ | होडिङ बोर्डकोअरनिको राजमार्ग र बजारक्षेत्र (पिच सडक)बार्षिक प्रतिवर्ग फिट | रू.६०/- |
| ४ | होडिङ बोर्डको राजमार्ग बाहेक अन्य क्षेत्र र सडकबार्षिक प्रतिवर्ग फिट | रू.३५/- |

अनुसूचि-८

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**<u>मनोरञ्जन करका दरहरू</u>**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने मनोरञ्जनकरको विवरण | करको दर |
|---|---|---|
| १ | सिनेमाहलतथा भिडियोहलकोप्रवेश टिकटमा प्रवेश शुल्कको | १० प्रतिशत |
| २ | सांस्कृतिक प्रदर्शनहल तथाथियटरको प्रवेश टिकटमा प्रवेश शुल्कको | १० प्रतिशत |
| ३ | सांगितिक कार्यक्रम तथा अन्यमनोरन्जनात्मककार्यक्रम प्रदर्शन स्थलहरूमा (प्रवेश टिकटमा) प्रवेश शुल्कको | १० प्रतिशत |
| ४ | ऐतिहासिक स्थल, पुरातात्विक स्थल, एवं धार्मिक महत्वका सम्पदाका स्थलहरूमा (प्रवेश टिकटमा) प्रवेश शुल्कको (ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई कुनै शुल्क लिईने छैन्) | १० प्रतिशत |
| ५ | गाउँपालिका क्षेत्रभित्र देखाईने जादु, सर्कस, चटक आदिमा प्रतिदिन | रू. ५००/- |
| ६ | गाउँपालिका क्षेत्रभित्र लगाईने व्यावसायिक भिडियो कर (प्रति भिडियो प्रतिबर्ष) | रू.५००/- |

अनुसूचि-९

(दफा १० संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**बहाल बिटौरी शुल्कका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने बहाल बिटौरी शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

अनुसूचि-१०

(दफा ११ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पार्किङ शुल्कका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने पार्किङ शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | गाउँपालिकाले तोकेको सवारी पार्कमा पार्किङ गरिएका बस, मिनिबस, ट्रक ट्याक्टरमा डोजर पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.१००/- |
| २ | गाउँपालिकाले निर्माण गरी सञ्चालन गरेको सुबिधा सम्पन्न बसपार्कमा गाउँसभाले निर्धारण गरे बमोजिम | |
| ३ | गाउँपालिकाले तोकेको कार पार्किङ क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.८०/- |
| ४ | मोटरसाइकल सवारी साधनहरुका लागि गाउँपालिकाले तोकेका क्षेत्रहरुमा पार्किङ समयको आधारमा एक पटकमा | रू.२०/- |

अनुसूचि-११

(दफा १२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**ट्रेकिङ, कोयोकिङ,  क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर र रयाफ्टिङशुल्कका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने ट्रेकिङ, कोयोकिङ,  क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर र रयाफ्टिङ शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

अनुसूचि-१२

(दफा १३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**सेवा शुल्क, दस्तुरका दरहरू**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने सेवा शुल्क, दस्तुरको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | गाउँपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेकानिम्न स्थलहरूको उपयोग गरे बापत | |
| | शहरी सेवा केन्द्र | |
| | सार्वजनिक शौचालय | |
| | सेमिनार हल, तालिम हल | रु ५०० प्रतिदिन |
| | आधुनिक शवदाह गृह | |
| | सरसफाईसेवाशुल्कः गाउँपालिकाको सफाईसाधन/गाडीबाट फोहरमैला संकलन गरिने शहरी क्षेत्रमा प्रतिघर प्रति महिना | रू.२००/- |
| | | |
| २ | **नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस** | |
| | नागरिकता सिफारिस | निशुल्क |
| | नाता प्रमाणित | निशुल्क |
| | नागरिताको प्रतिलिपि सिफारिस | ५०० |
| | बाहिरी जिल्ला कर्मचारी परिवार नागरिकता/प्रतिलिपि लिनका लागि | १००० |
| ३ | पंजीकरण/ व्यक्तिगत घटना दर्ता शुल्क | |
| | (जन्म, मृत्यु, बसाईसराई, विवाह सम्बन्ध विच्छेद दर्ता ) व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर | रु. २००/- |
| | जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद आदिको दर्ता प्रमाणित प्रतिलिपि | रु. ५००/- |
| | जन्म, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद आदिको दर्ता, व्यक्तिगत घटना दर्ताको किताब हेरेको | रु. २००/- |
| | परिचय पत्र बिलम्ब दस्तुर | रू.१००/- |
| | परिचय पत्र प्रतिलिपि दस्तुर | रू.२००/- |
| | परिचय पत्र नम्वर वा वैयक्तिक बिबरणको प्रमाणिकरणको सेवा बापत प्रतिव्यक्ति प्रतिपटकको दस्तुर | रु ५ |
| ४ | **घरजग्गाको नामसारी** | |
| | **०-५ रोपनी सम्म** | **रू.२००/-** |
| | **५-२० रोपनी सम्म** | **रू.३००/-** |
| | **२०-५० रोपनी सम्म** | **रू.४००/-** |
| | **५० रोपनी माथि** | **रू.५००/-** |
| | घर जग्गा अचल सम्पति मुल्याकन | रु. ०.१५% |
| ५ | **घरजग्गा रजिष्ट्रेशन** | |
| | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | रु. १०००/- |
| | DPC चेक जाच गर्न प्राविधिक फिल्ड जानु पर्दा | **रू. १०००/-** |

| | | |
|---|---|---|
| | नक्शापास गर्ने आवेदन पुस्तिका रु.५००/- प्रतिगोटा | रू. ५००/- |
| ६ | **घरबाटो तथा चारकिल्ला प्रमाणित** | |
| ६.१ | घरबाटो प्रमाणित | रू.२००/- |
| ६.२ | चारकिल्ला प्रमाणित | रू.५००/- |
| ६.३ | निबेदन दर्ता दस्तुर | रू.१०/- |
| ७ | **बिशेष सिफारिसहरु** | |
| | छात्रवृत्ति सिफारिस | निःशुल्क |
| | सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस | निःशुल्क |
| | प्राकृतिक प्रकोप पिडित राहत सिफारिस | निःशुल्क |
| | असक्त अपाङ्ग परिचय पत्रको सिफारिस | निःशुल्क |
| | असहाय, असक्त आर्थिक सहायता सिफारिस | निःशुल्क |
| | असहाय, अशक्त आर्थिक सहयात सिफारिस | निःशुल्क |
| | गरिवी प्रमाणित | निःशुल्क |
| | स्वास्थ्य सेवा सम्बन्धिसिफारिस | निःशुल्क |
| ८ | **घर नक्शा पास ,निमार्ण स्वीकृती दस्तुर** | |
| ८.१ | आर.सी.सी. ढलान घर (३ तला सम्म) प्रतिवर्गफिट | रू. ८।– |
| ८.२ | र सो भन्दा माथि प्रतिवर्गफिट । | रू. १०।– |
| ८.३ | नक्शापास नगरी बनाएकोमा १००% थप दस्तुर लाग्ने छ | |
| ८.४ | आर.सी.सी बाहेक पक्की घर प्रतिवर्ग फिट | रू. ४।– |
| ८.५ | नक्शापास नगरी बनाएकोमा १००% थप | |
| ८.६ | फुस, टिन छाना/टहरा भएको घर प्रतिवर्ग फिट | रू. १।– |
| | नक्शापास नगरी बनाएकोमा १००% थप | |
| | यस गाउँपालिका बाट नक्शापास गरि संरचना निर्माण सरु हुनु भन्दा पहिले निर्माण भएका घर टहरा लगायतका संरचनाहरुको अभिलेखिकरण गरिने छ। नक्शापास गरी संरचना निर्माण सुरु भएपछि नक्शापास नगरी बनाईएका संरचनामा जरिवाना लाग्नेछ। | |
| | नक्शा पास/निर्माण सम्पन्न नामसारी गर्नु पर्दा रु. १०००/- वा हाल कायम रहेको नक्शापास दस्तुरको १० प्रतिशत मध्ये जुन बढी हुन आउँछ सोहि अनुसारको दस्तुर लिई नामसारी गरिने छ। | |
| | नक्शापास प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपी दस्तुर रु.२,०००/- लिई प्रतिलिपी सरोकारवालालाई दिईने छ र प्लीन्थ लेवल भन्दा माथि super structure को नक्शा पास गरी निर्माण सम्पन पत्र तोकिएको समयमा नलिएमा बिलम्ब दस्तुर रु २०००/- वा लाग्ने राजश्वको २५ प्रतिशत मध्ये जुन वढी हुन्छ सो वरावरको थप दस्तुर लिई निर्माण सम्पन्न पत्र प्रदान गरिने छ। | |
| | घर निर्माणका लागि यस गा.पा.बाट स्वीकृत (प्लीन्थ लेवल सम्मको) लिई तोकिएको अवधि भित्र निर्माण सम्पन्न नलिने वा थप दस्तरु तिरी म्याद थप गरिएकोमा थप अवधिभित्र निर्माण सम्पन्न नगरेमा निर्माणका लागि पुनः स्वीकृती लिनु पर्नेछ र साविक बमोजिम नै दस्तुर लाग्नेछ। | |
| ९ | **निर्माण भइसकेको घरको अभिलेखंकरण** | |
| ९.१ | आर. सी. सी. ढलान घर प्रतिगर्फित | रू. ८/- |
| ९.२ | आर. सी. सी. बाहेक घर प्रतिबर्ग फीट | रू. ४/- |
| ९.३ | निबेदन दस्तुर | रू. ५००/- |

| | | |
|---|---|---|
| ९.४ | प्राविधिक निरिक्षण | रू. २०००/- |
| ९.५ | योजना तथा भुक्तानी किताब (पाच लाख सम्म ) | रु १००/- |
| ९.६ | योजना तथा भुक्तानी किताब (पाच लाख देखि दश लाख सम्म ) | रु ५००/- |
| ९.७ | योजना तथा भुक्तानी किताब (दश लाख देखि माथि ) | रु १००० /- |
| १० | अन्य ब्यबसाय | रू.३०००/– |
| ११ | काठ कटानकालागि नगरपालिका भित्र घरायसी प्रयोजनका लागि रु २/- प्रति क्यू.फिट र  व्यवसायिक प्रयोजनका लागि रु ५/- प्रति क्यू. फिट । काठ निकासी कर प्रति क्यु फिट | रू.२०/– |
| १२ | स्लेट ढुंगा बिक्रि तथा निकासी प्रति वर्ग फिट | रू. ९/– |
| | वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता | रू.१००/– |
| **१३** | **अन्य शुल्कहरु** | |
| १३.१ | आवेदन शुल्क (चौथो तह) | **५००** |
| १३.२ | आवेदन शुल्क (पाचौ तह) | **७००** |
| १३.३ | आवेदन शुल्क (छैठौ तह) | **१०००** |
| १३.४ | आय प्रमाणित (प्रतिहजार) | **१ रूपैया** |
| १३.५ | वडाबाट गरिने जुनसुकै सिफारिस | **निशुल्क** |
| १३.६ | पालिकाबाट गरिने जुकसुकै सिफारिस | **रू.३००** |
| १४ | अन्य सिफारिस | |
| १५ | अङ्ग्रजी भाषाबाट गरिने जुनसुकै सिफारिस | **रू.५००** |
| १६ | सुचि दर्ता व्यवसाय प्रकृतिको | **रू.१०००** |
| १७ | सुचि दर्ता सामाजिक तथा अन्य विविध प्रकृतिको | **रू.५००** |

| **१५** | **ढुंगा बालुवा गिटिमा लाग्ने शुल्क** | **इकाई** | **दर रुपैयामा** |
|---|---|---|---|
| १ | माटो(स्वीकृत खानी क्षेत्र बाहेकमा ) | प्रति घन फिट | १ |
| २ | ढुंगा,चुनढुंगा,खरीढुंगा,गिट्टी, ग्राभेल ,रोडा,बालुवा (स्वीकृत खानि क्षेत्र बाहेकमा ) | प्रति घन फिट | ३ |
| ३ | स्लेट (स्वीकृत खानि क्षेत्र बाहेकमा ) | प्रति वर्ग  फिट | ९ |
| ४ | . ढुङ्गा टिप शुल्क ठुलो टिपर | प्रति टिप | ८०० |
| ५ | ढुङ्गा टिप शुल्क सानो टिपर | प्रति टिप | ४०० |
| | सि.न.१ को माटो घाटगद्दी एबम बिक्रि (स्वीकृत खानि क्षेत्र बाहेक )को शुल्क रु १ प्रति क्युफिट दर तोकियकोमाधेरै मात्रामा माटो प्रयोग हुने उद्योग जस्तो इट्टा उद्योग हरुलाई उद्योगको क्षमताको आधारमा यस  पालिकाले बार्षिक रुपमा शुल्क निर्धारण गर्नेछ | | |
| | व्यक्तिको निजि जग्गा बाट माटो बिक्रि गर्दा जग्गा धनीले नै कती घनफिट माटो बिक्रि गर्नु पर्ने हो एकिन गरि पालिकामा निबेदन दिनुपर्दछ सो सम्बन्धमा पालिकाले निर्णय गरि बार्षिक रुपमा एकमुस्ठ शुल्क लिने व्यवस्था मिलाईनेछ<br>सार्बजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजि जग्गाको माटो वा ढुंगा उत्खनन गर्दा निम्न | | |

| | |
|---|---|
| | कुरामा विचार गरेर मात्र पालिकाबाट स्वीकृत दिइनेछ<br>• साध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भयको हुनुपर्ने<br>• उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग ,भौगोलिक संरचना ,मानबिय ब्यबस्थापन ,सार्बजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना सडक ,कुलो ,नहर ,साध सिमानामा रहेको छिमेकिको जग्गाको संरचना आदिमा कुनै असर नपर्ने हुनुपर्नेछ<br>उपभोक्ताले माटो ढुंगा खरिद गर्दा उद्योग संग खरिद गर्नु पर्नेछ ,अन्यथा :उद्योग संग खरिद नगरेको अबस्थामा बुझाउनु पर्ने शुल्क पालिकामा बुझाउनु पर्नेछ . |

अनुसूचि-१३

(दफा १४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**<u>पर्यटन शुल्कका दरहरू</u>**

| सि. नं. | गाउँपालिका क्षेत्रभित्र लगाईने पर्यटन शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

यस गाउँसभाको सम्बत २०८२ साल असार १० गतेको अठारौ गाउँसभाले स्थानीय सञ्चालन ऐन,२०७४ को दफा २१ बमोजिम यो ऐन पारित गरेको हुँदा सोही दफा बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति : २०८२/०३/१०

भक्तध्वज बोहरा
अध्यक्ष